bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

वर्ष ४१ अंक २२० | २०७९ पुस १३ गते बुधबार, नेपाल सम्वत् ११४३ December 28, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**सेवाग्राहीको भिड** : तनहुँको व्यास नगरपालिकाले वडा नं. ६ को वडा कार्यालयमा सञ्चालन गरेको एकीकृत घुम्ती शिविरमा सेवा लिन आएका स्थानीय महिलाहरू आ-आफ्नो नाम टिपाउँदै । *तस्बिर : भञ्ज्याङ*

## एक घर : एक धारा अभियान : तनहुँका तीन हजार घरधुरीमा खानेपानी विस्तार

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा एक वर्षको अवधिमा तीन हजारभन्दा बढी घरधुरीमा खानेपानी विस्तार भएको छ । गण्डकी प्रदेश सरकारमार्फत जिल्लाका तीन हजार ३५४ घरधुरीमा खानेपानी विस्तार भएको हो ।

'एक घर: एक धारा अभियान' मार्फत निजी घरमा खानेपानी सुविधा पुगेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तनहुँका प्रमुख राजेन्द्रप्रसाद न्यौपानेले बताए। उनका अनुसार उक्त अवधिमा एघार खानेपानी आयोजना सम्पन्न भएका छन् । त्यस्तै १९ आयोजनाको विस्तृत सर्वेक्षण गरिएको छ ।

जिल्लामा हालसम्म ९२.४२ प्रतिशत घरधुरीमा खानेपानी सुविधा पुगेको छ । विसं २०७८ को जनगणना अनुसार यहाँ तीन लाख २७ हजार ६२० जनसंख्या रहेकामा हालसम्म तीन लाख दुई हजार ७९९ जना खानेपानीबाट लाभान्वित भएको खानेपानी कार्यालयले जनाएको छ । एक वर्षको अवधिमा पाँच हजार २२१ जना खानेपानी योजनाबाट लाभान्वित भएका छन्। गण्डकी प्रदेश सरकारबाट उक्त अवधिमा ११ खानेपानी योजना सम्पन्न भएको छ ।

निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगर्दा कार्यालयले अपजस व्यहोर्नुपरेको कार्यालय प्रमुख न्यौपानेले बताए । उनले भने, 'निर्माण व्यवसायीले समयमै काम सम्पन्न नगरिदिँदा कार्यालयलाई असर परेको छ, जनतालाई स्वच्छ खानेपानी सुविधा पुऱ्याउन हामी लागिपरेका छौं ।'

बाढीपहिराका असर, मर्मतमा दबाब आउनु, खानेपानी योजनामा विद्युतीय कार्य सहज नहुनु, आयोजनाको संख्याको तुलनामा न्यून बजेट विनियोजन हुनु, जनप्रतिनिधि तथा स्थानीय उपभोक्ताबाट आयोजनाले नसमेटेको स्थानमा पाइप तथा फिटिङ्सको माग गर्नु आदि कारणले काम गर्न असहज हुँदै आएको कार्यालयले जनाएको छ । कार्यालयले नयाँ खानेपानी आयोजनाको माग, सर्वेक्षण, डिजाइन, निर्माणकार्य कार्यान्वयन, आयोजनाको सामग्री निकासा, खानेपानी आयोजनाको निर्माणमा प्राविधिक सहयोग, आयोजनाको अनुगमन, निरीक्षण, सुपरिवेक्षण, मूल्याङ्कन तथा भुक्तानीलगायतका काम कार्यालयले गर्दै आएको छ।



**खानेपानी आयोजनाको शुभारम्भ** : तनहुँको घिरिङ गाउँपालिकाका अध्यक्ष होम बहादुर थापा वडा नं. ४ को सिराम्दी दोभान खानेपानी तथा सरसफाई आयोजनाको मंगलबार एक कार्यक्रमका बीच उद्घाटन गर्दै । वडाको ठामडाँडा, रामकोट र फुला गाउँका ४१ घरधुरीमा एक घर एक धारा निर्माण कार्य सम्पन्न गरिएको छ । *तस्बिर : भञ्ज्याङ*

## सरसफाई केन्द्र निर्माणका लागि जग्गा व्यवस्थापनमा जुट्यो व्यास

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिका सरसफाइ केन्द्र निर्माणका लागि जग्गा व्यवस्थापनमा जुटेको छ । फोहरमैला व्यवस्थापनमा समस्या भोग्दै आएको नगरपालिकाले फोहरमैला व्यवस्थापनका लागि जग्गा खरिद गर्न लागेको हो ।

त्यसका लागि व्यास-१३ मा रहेको युगिन कृषि फार्म प्रालिको करिब ४० रोपनी जग्गा खरिद गर्न प्रक्रिया अगाडि बढाइएको नगरपालिकाका प्रवक्ता जीवन गुरुङले जानकारी दिए । उक्त जग्गा सम्बन्धमा नगरपालिकामा प्रस्ताव आएकाले स्थानीयवासीसँग छलफल एवं समन्वय गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ ।

स्थापनाको ३० वर्षसम्म पनि नगरपालिकाले फोहरमैला केन्द्र बनाउन सकेको छैन । यसअघि व्यास-३ मादीस्थित भतेरीमा फोहर फाल्दै आएको नगरपालिकाले उक्त ठाउँ मादीले कटान गरिदिएपछि चारकुनेमा जग्गा भाडामा लिएर फोहर फाल्दै आएको थियो । उक्त ठाउँ पनि फोहरले भरिएपछि फोहर फाल्ने ठाउँ नपाएर नगरपालिकाले सोढेमा फोहर फाल्दै आएको छ ।

दमौली हुँदै चितवनसम्म पुग्ने बुद्धसिंमार्गमा जथाभावी फोहर फालिँदा उक्त मार्ग नै दुर्गन्धित भएको छ । फोहर फाल्ने ठाउँको अभावमा सोढेमा लगेर फोहर फाल्नुपर्ने बाध्यता रहेको व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले बताए। 'दीर्घकालीनरूपमा सरसफाइ केन्द्र बनाउने विषयमा नगरपालिका लागिपरेको छ', उनले भने, 'फोहर फाल्ने ठाउँ नै नभएपछि अहिले तत्कालका लागि बुद्धसिंमार्गको सोढेमा फोहर फालिएको छ ।'

यसअघि नगरपालिकाले व्यास-१० स्थित मंगलीगैह्रामा सरसफाइ केन्द्र बनाउने तयारी गरेको थियो। तर त्यहाँ स्थानीयले विरोध गरेपछि नगरपालिकाले त्यसबाट पछि हटेको थियो । व्यास नगरपालिकाले बजार क्षेत्रको वडा नं २, ३ र ४ बाट दैनिकरूपमा फोहर संकलन गर्दै आएको छ ।

नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहर संकलन हुने गरेको छ । नगरपालिकाले सरसफाइ केन्द्र निर्माणका लागि वालिङ नगरपालिकाले बनाएको फोहरमैला व्यवस्थापन केन्द्रको पनि अध्ययन अवलोकन गरेको थियो ।

## म्याग्दे गाउँपालिकाका अपाङ्गता भएकालाई न्यानो कपडा वितरण

**भञ्ज्याङ समाचारदाता**/म्याग्दे

तनहुँको म्याग्दे गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरूलाई न्यानो कपडा वितरण गरेको छ । वार्षिक कार्यक्रम अन्तर्गत १५ घर परिवारलाई गाउँपालिकाले न्यानो कपडा वितरण गरेको हो । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, उपाध्यक्ष बालकृष्ण घिमिरे, प्रमुख प्रशासकीय अधिकृत नारायण प्रसाद अधिकारीले न्यानो कपडा वितरण गरेका हुन् ।



वडाबाट सिफारिस भई आएको परिवारहरूमा वडा नं १ का बल वहादुर थापा, सुमित्रा विक, वडा नं २ बाट सुजन रानाभाट, कमलदकोटे होम बहादुर परियार, ३ नं वडाका चन्द्रबहादुर चदारो, पदम बहादुर हुच्चिङ, वडा नं ४ को ईम बहादुर थापा, हिमला राना, वडा नं ५ न का समिर नेपाली, वडा नं ६ का नविश थापा, रुपेश विक, दिलिप नेपाली, वडा नं ७ का कृष्ण बहादुर विक, सोम बहादुर सार्कीलाई न्यानो कपडा वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

एक थान फाइबरको सिरक, एक थान डसना, एक थान तन्ना, एक थान सिरानी गरी प्रति परिवार चार हजार तीन सय बराबरको सामग्री वितरण गरिएको महिला तथा बालबालिका शाखा प्रमुख शारदा गैह्रे पौडेलले बताइन् ।

घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रुपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं

# सम्पादकीय .........

www.bhanjyangnews.com

## उजाड गाउँबस्ति

भाद्र महिना, माझो वर्खा, कृषि प्रधान देश, गाउँबस्ति वरपर पाखापखेरा, चौतर्फि चहलपहल, खेतीपातिले ढपक्क ढाकिने खेतबारी अब सम्झनामा मात्र सिमित हुँदै गएका छन् । जाहान परिवार पाल्ने बाह्रै मास उर्वर ती भूमि झाँडी र वन जंगलमा रूपान्तरण हुन थालेका छन् । घर गोठ, गाईभैसी, खसी बाख्रा, आँगनमा मकैका सुली, आटीमा धानका भकारी खै कहाँ गयो हाम्रो ग्रामीण अर्थतन्त्र । उर्वर हाम्रा खेतबारी बाँझै राखेर सुख र सुविधाको खोजीमा गाउँ छाडेर विदेशिन, विदेश जान नपाए पनि शहर तिरै भौतारिने गर्छन युवाहरू । युवाले घर बस्ति छाडिसकेपछि बालबालिकाको राम्रो पढाई र विरामी पर्दा स्वास्थ्य उपचारको पहुँचलाई दृष्टिगत गर्दै शहर बजारतर्फ परिवारका सदस्यहरू केन्द्रित हुन थालिसकेपछि गाउँ उजाडिने खेतबारी बाँझिनु स्वाभाविक नै हो । शहरतिर पस्ने उपाय नभइका असक्त वृद्ध/वृद्धाहरू पुराना घर कटेरा रूगेर (कुरेर) बस्नुको कुनै विकल्प छैन । केही घर रूगेर बस्ने वृद्ध/वृद्धाहरू पनि शहरबजारबाट गाडीले ओसारेको चामल, पिठो, पाउरोटी, मधेशतिरबाट आएको गोलभेडा र काउलीमा निर्भर हुनुपरेको छ। यतिबेला हाम्रा गाउँघरका बस्ति भित्र नेपाली नारीहरूको महान पर्व तीज आउँदै गर्दा त गाउँ र घरघरमा छुट्टै रौनक छाएको हुन्थ्यो । त्यो पनि विरासत थाम्नै नसकेर हाम्रा सांस्कृतिक पर्वहरू ओझेलमा पर्दै गएका छन । यता शहर बजारमा र विद्युतीय सञ्चारमा तीजको नाउँमा अनेकौ विकृति र परम्परागत संस्कृतिलाई नाम मात्र तीज गीत भनेर प्रचार गरिनुले पुराना परम्परागत संस्कृति र शैलीहरू थप ओझेलमा मात्र होइन विस्मृतितिर्फ उन्मुख हुँदै गएका छन् ।

विगतमा अधिकार विहिन अवस्थामा रहेको बन्द समाजलाई राजनीतिक क्रान्तिले खुला गरायो । बन्द घेराको संस्कृति र परम्परालाई शहरिया र पश्चिमी छाडा संस्कृतिले थप विकृत पार्दै लगेको छ । यस्तो अवस्थामा हाम्रा संस्कृति, मुल्यमान्यता आफ्नै परम्परागत शैली र सभ्यतालाई कसरी जोगाउने हो ? चिन्ताको विषय बनेको छ । मुलुक राजनीतिक क्रान्तिले संघीय लोकतान्त्रिक गणतन्त्रमा अगाडी बढ्दै गरेपनि मुलुकभित्र आर्थिक क्रान्तिको पाटो नपक्रिनु युवा जनशक्ति बेरोजगार भएर विदेशी मुलुक ताक्नु मुलुकको लागि थप विडम्बना बन्दै गएको छ । एक तथ्याङ्क अनुसार मुलुकको वैधानिक बाटोबाट मात्रै पनि दैनिक झण्डै दुई हजारको हाराहारीमा युवा जनशक्ति विदेशीने गरेका छन् । यो कहाली लाग्दो तथ्याङ्कले पनि मुलुकको नवनिर्माणको बाटोमा अगाडी बढ्न हाम्रो नेतृत्व किन भ्रमित भईरहन्छ आफैमा चिन्ताको विषय हो । स्वास्थ्य, शिक्षा, रोजगारी जस्ता क्षेत्रहरू आम मानिसको पहुँचमा हुन नसक्नु हाम्रो शिक्षा नीति परम्परा र निर्वाहमुखीमा मात्र सिमित रहनु जस्ता विडम्बना बनेको छ । यो फेरिएको जीवनशैली र उजाडिएका गाउँबस्तिहरूलाई पुनः गुल्जार बनाउन विदेशीने युवा जनशक्तिलाई स्वदेश त्यसमा पनि आफ्नै गाउँबस्तिहरू बस्न योग्य पार्नुपर्ने अहिलेको आवश्यकाता हो । सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी, व्यवस्थित आवास जस्ता कार्यमा ध्यान नदिने हो भने हामी न त युवा जनशक्तिलाई रोक्न सक्छौ, न त गाउँबस्तिलाई सवल पार्न सक्छौ। यस विषयमा घरदैलोको सरकारका रूपमा परिचत स्थानीय सरकार बढि जिम्मेवार र जवाफदेही बनि सोही अनुसारको नीति, कार्यक्रम र बजेट प्राथमिकतामा राख्नुपर्दछ । अगाडी आइरहेका यस्ता चुनौतिलाई अवसरका रूपमा परिणत गर्न मुलुकका तीनै तहका सरकार चुक्नु हुँदैन। हामी प्राकृतिक वैभवले सम्पन्न छौ, तर हाम्रो, गरिवी नियति नै हो ! यसको अन्त्य हाम्रो सबैको दायित्व हो ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.9MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी १०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm 95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-8, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# राजनीतिका माहिर र गतिशील खेलाडी ओली-प्रचण्ड पुनर्मिलन

४७-४८ सीटमा तालमेलको हल्ला भए पनि नेपाल समाजवादी पार्टीलाई छुट्ट्याइएको दुई सीटसहित माओवादी केन्द्रले ४४ सीटमा कांग्रेस र एकीकृत समाजवादीसहितको लोकतान्त्रिक–वाम गठबन्धनसँग संघीय चुनावी तालमेल गरेको हो । कांग्रेसबाट इतर राजनीतिक पक्षमा, खासगरी माओवादी पक्षमा अपेक्षित मत वितरण हुँदैन भन्ने पुष्टि त २०७४ को स्थानीय चुनाव र गत स्थानीय चुनावमै पुष्टि भैसकेको हो । तर, लोकतन्त्र, संविधान र राजनीतिक स्थायित्वको नयाँ सन्दर्भले मत वितरणका लागि कांग्रेस नेता–कार्यकर्ता र उनीहरूसँग प्रभावित जनता उत्साहित हुन्छन् कि भन्ने माओवादी अपेक्षा सबै भर्खरैको आम चुनावी प्रयोगमा समेत असफल भयो । मत नै प्रभावित भएन भन्ने होइन । तर, माओवादी प्रभावित मतले कांग्रेसलाई जित्न जति सजिलो भयो, माओवादीलाई भएन । एक्लै प्रतिस्पर्धामा गएको भए पनि कमसेकम चारपाँच समानुपातिक सीट माओवादीले बढाउँथ्यो र जोखिम हुने चारपाँच प्रत्यक्ष सीटलाई त्यसले सन्तुलनमा ल्याउँथ्यो । त्यस्तो जोखिम माओवादीले लिएको हुन्थ्यो भने जनता समाजवादी र एकीकृत समाजवादी पनि माओवादी केन्द्रसहितको एउटै समाजवादी धारा हुने गरी एकाकार हुनसक्थे।

तर, राजनीतिलाई शक्ति अपेक्षाबाट भन्दा आम अपेक्षाबाट हेर्नुपर्छ । त्यसरी हेर्दा र प्रयोगमा जाँदा जे हुनु थियो, भै नै हाल्यो। तर, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्रीमा अगाडि सार्ने पूर्वसहमतिबाट नेपाली कांग्रेस, खासगरी सभापति एवं निवर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा पछाडि हटेपछि नेकपा एमालेसहितको गठबन्धन बनाएर प्रचण्ड प्रधानमन्त्री नियुक्त भएका छन् । यसलाई राजनीतिको अनपेक्षित एवं नाटकीय परिवर्तनका रूपमा टिप्पणी गरिए पनि यो कांग्रेसले गठबन्धन संस्कृतिलाई हल्का सोच्दा आएको स्वाभाविक र बाध्यात्मक परिणाम भएको नै आम बुझाइ छ । स्वयं नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले देउवाबाट प्रचण्डलाई अन्तिममा धोका भएकाले यो परिस्थिति बनेको बताएका छन् भने गठबन्धनको अर्को घटक नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले कांग्रेसको बेइमानीले पराकाष्ठा नाघेकाले प्रचण्डको भूमिकालाई स्वाभाविक भनेका छन्।

केपी ओलीले संसद विघटनलगायतका असंवैधानिक कदम चालेपछि संविधानको रक्षा र शासकीय स्थिरताका लागि प्रचण्ड–माधवले ठूलो जोखिम मोलेर झन्डै २० महिनादेखि कांग्रेसलाई संयुक्त आन्दोलन र गठबन्धन नेतृत्वका रूपमा अगाडि सारेका थिए । बीचमा भएको स्थानीय चुनावमा र भर्खरै सम्पन्न आम चुनावमा मिलेरै जाँदासमेत कांग्रेसले दिएको 'धोका'लाई पचाएर गठबन्धनलाई निरन्तरता दिने भगीरथ प्रयत्न उनीहरूले गरेका थिए । गठबन्धनको निरन्तरता भनेको गठबन्धन संस्कृतिको पालना पनि हो । अघिल्लो चुनावमा २३ सीट प्रत्यक्ष र समानुपातिकसहित ६३ सीट जितेर कमजोर प्रतिपक्ष सावित भएको कांग्रेसलाई त्योभन्दा ठूलो राजनीतिक हैसियत भएर पनि प्रचण्ड–माधवले खुशीखुशी नेतृत्व स्वीकारे । फलतः गठबन्धन भएकै कारण कांग्रेसले २३ को हैसियतलाई ५७ पुऱ्यायो र समानुपातिकसहित ८९ सीटको सबैभन्दा ठूलो राजनीतिक दल बन्यो । संविधान र लोकतन्त्रका लागि राजनीतिक भविष्य नै दाउमा राखेर कांग्रेससँग गठबन्धन गर्दा पार्टीगत हैसियतमा भने माओवादीसहितका बामपन्थीहरू खुम्चिनुपऱ्यो ।

तर, नयाँ आधारमा अगाडि बढ्ने, संघमा पहिलो चरणमा प्रचण्डले आधा कार्यकाल सरकारको नेतृत्व लिने, राष्ट्रपतिलगायतका पद कांग्रेसले लिने र सबै प्रदेशमा हैसियत र आवश्यकताअनुसार तालमेल गर्ने दलीय सहमति भएको एकहप्ता नपुग्दै कांग्रेसले राष्ट्रपति र प्रधानमन्त्री त कुनै हालतमा छाड्न नसकिने निष्कर्ष सुनायो । गठबन्धन भन्ने तर कांग्रेसलाई सधैं नेतृत्व मान्दिनुपर्ने अप्ठेरोबीच प्रचण्डले एउटा गतिशील निर्णय लिएको अर्थमा आजको राजनीतिलाई हेरिएको छ । देउवाले प्रचण्डलाई धोका दिएको कुरा त सिद्ध नै भैहाल्यो । देउवाले जानाजान समीकरण परिवेशलाई यति सजिलै बुझे कि संविधानको ७६(२) को समय घर्केपछि ७६ (३) बाट आफैं नेतृत्व हुइन्छ । र, एक महिनाबीचमा आफूलाई एमालेले समर्थन गर्छ वा कुनै तरिकाले बहुमत पुग्छ । खासमा माओवादी फोबिया भएका एमालेहरूले त्यही भनेर उक्साएका थिए देउवालाई । त्यसैले केपी ओली के सोच्छन्, त्यो माओवादी फोबियावाला एमालेलाई पनि थाहा नहुने रहेछ । कांग्रेस र आफ्नै पुरातनहरूलाई थाङ्नामा सुताए, राजनीतिका माहिर खेलाडी ओलीले !

अब देउवाले बहुमतसिद्ध गर्न नसकेपछि अरू कसैले त गर्नैपर्थ्यो । एमाले-माओवादीले गरे । ओलीका नाममा सहमति नहुने भएरै प्रचण्डका नाममा जुट्यो । तर, ठूलो दल भएर पनि कांग्रेस भने बज्रस्वाँठ सावित भयो। समकालीन राजनीतिमा सबैभन्दा माहिर खेलाडी ओली हुन् र सबैभन्दा गतिशील खेलाडी प्रचण्ड हुन् भनेर कांग्रेसलाई सिकाइदिनेसम्म कोही भएनन् । आन्तरिक बैठकमा प्रचण्ड पक्षमा उपाध्यक्ष पूर्णबहादुर खड्का र देउवा पक्षमा प्रवक्ता प्रकाशशरण महतबीच झण्डै हात हालाहाल भएको सूचना बाहिरियो । तर, कांग्रेसले गठबन्धनसम्मत परिणाम दिएन ।

जसरी माओवादीबाट फाइदामात्र असुल्ने तर उसलाई पेलिरहने तत्व कांग्रेसमा हावी थिए । ठीक त्यसैगरी एमालेलाई मात्र फाइदा लिएर माओवादीको नजरअन्दाज गर्ने तत्व एमालेमा पनि थिए । तर, केपी ओलीले त्यस्ता तत्वलाई छायाँमै पर्न दिएनन् । ओलीले राजनीतिका आफ्ना पूर्वमान्यतालाई अलिकति फर्केर समीक्षा गरेको हो भने बालकोट बार्दलीमा दुई पूर्वअध्यक्षलाई संयुक्त पाउँदा 'नेकपा'का कार्यकर्ताले व्यक्त गरेको अपूर्व खुशीले अबको राजनीति तरलबाट ठोस हुँदै जाने संकेत गरेको छ । यस परिवेशले पुनः वाम एकताको धरातल खडा गरेको छ भने त्यसका लागि आशाजनक रूपमा दुबै नेताको परीक्षासमेत पर्खिएको छ। तर, प्रचण्ड नेतृत्वको सरकारले र सरकार निर्माणको एमाले–माओवादी वाम धरातलले नयाँ आधारमा एकीकृत समाजवादी तथा सबै वामपन्थीहरूलाई विश्वासमा लिने र सहकार्यलाई निरन्तर अगाडि बढाउने कार्यमा कुनै कसर बाँकी राख्नुहुँदैन ।

तरल र भ्रमकारी राजनीतिक परिवेशबीच नेतृत्व भएर जनताको आम विश्वास जित्ने चुनौती प्रचण्डलाई छ। प्रचण्डलाई मात्रै होइन, यसको मूल 'ओनर' ओलीलाई समेत छ। पहिलो त, सत्तास्वार्थका लागि कुनै पनि अप्राकृतिक गठबन्धन स्वीकार्न तयार छन् भन्ने नैतिक चुनौती प्रचण्डलाई छ । ओलीको असंवैधानिक गतिविधिलाई आन्दोलन र अदालतले गलत सावित गरिसकेको र बीचका चुनावहरूले एमाले र माओवादीलाई समेत हैसियतअनुसार स्थापित गरिसकेकाले अगाडिका राजनीतिक तुषलाई उही रूपमा बुझिराख्नु अब जरूरी छैन । तर, गलत प्रवृत्तिहरूप्रति सजग रही वाम प्रवृत्तिलाई प्रोत्साहित गर्न सक्दा यो नयाँ गठबन्धनले एउटा आशा पक्कै जागृत गर्नेछ । यो समीकरणको स्थायित्व, गठबन्धनमा उपस्थित राजावादी वा नरम दक्षिणपन्थी लाग्ने देशीय वा बैदेशिक स्वार्थ प्रवृत्तिहरूको सन्तुलन र नियन्त्रण, संघीय लोकतान्त्रिक परिवर्तनलाई विश्वासिलो बनाउने तत्कालीन योजना र कार्यक्रम निर्माण, द्वन्द्व व्यवस्थापनको औचित्यपूर्ण निष्कर्ष, संविधानतः घोषित समाजवादी लक्ष्यको दीर्घकालीन कार्यक्रम, वैदेशिक स्वार्थहरूका बीचमा राष्ट्रियता वा देशभक्तिको सन्तुलन प्रचण्ड नेतृत्वका अहं कार्यभार हुन् । यस रूपको समीकरण निर्माणका आधार ओली भएकाले यो सरकारको सफलता र असफलताको दोष मूल वामपन्थी शक्तिले नै लिनु अनिवार्य छ ।




देश आशा, अपेक्षा, अस्थिरता र संक्रमणले यति थिलथिलो भैसकेको छ कि कसैले कसैलाई प्रयोग गर्ने समयसीमा अब छैन । प्रचण्डले भन्ने गरेका छन् कि दुईपटक प्रधानमन्त्रीका रूपमा नेतृत्व गर्दा आटिएका प्राथमिकताहरूलाई सफलतापूर्वक कार्यान्वयन गरेर सुशासनको अनुभूति दिनु छ । त्यसका निश्चित कार्यक्रमहरु अब देखिनेगरी, महसुस हुनेगरी आउनुपर्छ । कमजोर परेको पार्टी निर्माण र कमजोर परेको परिवर्तन जीवन्त राख्नैपर्ने एउटा चुनौतीको परीक्षामा प्रचण्ड खडा छन् । तर, प्रधानमन्त्री भएर गर्ने के हो? पहिलो त, विश्वासयोग्य नीतिगत खाका जारी हुनुपर्छ । दोस्रो, यही भ्रष्ट र जड कर्मचारी संयन्त्रबाट ती नीति लागू गर्नुपर्ने भएकाले दण्ड र पुरस्कारको निर्मम तयारी थालिनुपर्छ। नत्र एकथान प्रधानमन्त्री त देशमा जो कोही हुन्छन्, निरन्तर नै हुन्छन् । *नेपालप्रेसबाट*

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ । काममा दोहोर्याएर प्रयत्न गर्दा फल प्राप्त हुनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । विभिन्न सहयोग र उपहार पाइनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
परिस्थिति सामान्य अनुकूलै रहे पनि अस्वस्थताले काममा बाधा पुग्न सक्छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । बोलीको भरमा चिताएको काम बन्नेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
खर्च लागे पनि दिगो काम फेला पर्नेछ । चुनौती पन्छाउँदै रोकिएका काम सम्पादन गर्न सकिनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
आफन्तसँग रमाइलो भेटघाट हुनेछ । पहिलेको सफलताले पनि काममा विशेष अवसर दिलाउन सक्छ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
हिम्मतले काम बन्नेछ। लगनशीलताले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
महत्वाकांक्षी योजना गोप्य राख्नुहोला् साथीभाइ टाढिनाले रोकिएको काम बनाउन समस्या पर्ला ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
नयाँ कामको प्रस्ताव आउन सक्छ। केही लगानी र श्रम गर्नुपरे पनि उपलब्धि प्राप्त हुनेछ क।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

# सन् २०२२ मात्र एक करोड विस्थापित, शरणार्थी संकट समाधानमा राष्ट्रसंघको प्रयास

रासस/सिन्हवा/संयुक्त राष्ट्रसंघ

द्वन्द्व, विपत्ति र जलवायु संकटजस्ता त्रासदीका कारण विश्वका दशौं लाखको संख्यामा मानिस आफ्नो देशभित्र वा बाह्यरूपमा विस्थापित भएका छन् संयुक्त राष्ट्रसंघीय निकायद्वारा हालै सार्वजनिक गरेको एक तथ्याङ्कमा जनाइएको छ । संयुक्त राष्ट्रसंघीय शरणार्थी निकाय (युएनएचसीआर)ले आफ्नो वेबसाइटमा भनेको छ, "यो आगामी जाडो विश्वभरका लाखौं 'आप्रबासी शरणार्थी'का लागि निकै चुनौतीपूर्ण हुनेछ। हाम्रो विश्वले आन्तरिक विस्थापनको संकटको सामना गरिरहेको छ । द्वन्द्व, विपत्ति र जलवायु संकटजस्ता त्रासदीका कारण विश्वका उच्च संख्यामा मानिस आफ्नो देशभित्र विस्थापित भएका छन्।"



संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले गत जुनमा संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय विस्थापन सम्बन्धी कार्ययोजना सार्वजनिक गर्दै सहयोगको खाँचो रहेका मानिसलाई सहयोग पुऱ्याउनु सबैको जिम्मेवारी भएको बताउनुभएको थियो। उहाँले भन्नुभयो, "आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको दुर्दशा मानवीय मुद्दाभन्दा बढी छ । यसले विकास, शान्ति स्थापना, मानव अधिकार, जलवायु कार्य र विपद् जोखिम न्यूनीकरणका प्रयासहरूको संयोजनमा एकीकृत दृष्टिकोण ल्याउँछ।"

संयुक्त राष्ट्रसंघीय शरणार्थी निकाय (युएनएचसीआर)ले सन् २०२२ मा विश्वका एक करोड मानिस आफ्नो घर छोड्न बाध्य भएको मंगलबार जानकारी गराएको छ । संयुक्त राष्ट्रसंघले विभिन्न तरिकाले खाँचोमा परेकालाई सहयोग गरिरहेको पनि उक्त निकायले जनाएको छ। युएनएचसीआरका प्रमुख फिलिप्पो ग्रान्डीले यो आँकडालाई कहिल्यै स्थापित हुननहुने संख्या भन्नुभएको छ ।

यो संख्या सन् २०२१ मा नौ करोड रहेकोमा यस बर्ष १० करोड पुगेको छ। युक्रेन, इथियोपिया, बुर्किना फासो, सिरिया र म्यान्मारलगायत विश्वका धेरै भागहरूमा हिंसा, गरिबी र लामो द्वन्द्व आप्रवासन प्रमुख कारकहरु थिए । संयुक्त राष्ट्रसंघीय निकायले भनेको छ, "हजारौं हताश आप्रवासीहरूले युरोपलाई आफ्नो रोजाइको गन्तव्यको रूपमा हेरेका छन्, मानव तस्करहरूको हातमा आफ्नो जीवन थमाएका छन् र भूमध्यसागर पार गर्नेगरी खतरनाक यात्रामा निस्केका छन् ।"

यमनमा लामो द्वन्द्व सुरू भएको सात वर्ष भन्दा बढी भइसकेको छ, जसले मानवीय विपत्ति निम्त्याएको छ र ४३ लाखभन्दा बढी मानिसहरूलाई आफ्नो घर छोड्न बाध्य बनाएको छ । गत मे महिनामा संयुक्त राष्ट्रसंघको आप्रवासन एजेन्सी आईओएम र युरोपेली संघको मानवीय सहायता शाखा इकोले द्वन्द्वका कारण विस्थापित भएका तीन लाख २५ हजारभन्दा बढी आप्रवासी र उनीहरूलाई आश्रय दिने समुदायको आवश्यकता पूरा गर्ने प्रयासलाई तीव्रता दिने घोषणा गरेको थियो । यमनस्थित आईओएम अभियानकी प्रमुख क्रिस्टा रोटेनस्टाइनरले भन्नुभयो, "यमनमा आप्रवासीहरु र विशेष गरी महिलाहरूको लागि स्थिति अझ खराब हुँदै गइरहेको छ। उनीहरूले यमनमा आफ्नो जीवनमाथि थोरै नियन्त्रणको साथ गम्भीर अवस्थामा बाँचिरहेका छन् ।"

सिरियामा युद्धले ११ वर्षदेखि जनजीवन अस्तव्यस्त बनाइरहेको छ । सिरियामा जन्मिएका करिब ५० लाख बालबालिकाले कहिल्यै पनि देशलाई शान्तिपूर्वक चिनेका छैनन् । झण्डै ८० हजार भन्दा बढी सिरियालीहरूले जोर्डनको विशाल जातारी शिविरलाई 'घर' भन्छन् र तिनीहरूमध्ये धेरैले तत्कालका लागि आफ्नो देश बाहिर बस्नुपर्ने हुन सक्छ। जोर्डनको राजधानी अम्मानमा युएनएचसीआरका प्रतिनिधि डोमिनिक बार्ट्सले हालै बताए अनुसार तत्कालका लागि उनीहरूको स्वदेश फिर्तीको सम्भावना आशाजनक देखिँदैन । उहाँले भन्नुभयो, "हामीले सिरियामा स्वदेश फिर्तीका लागि अनुकूल वातावरण देखिरहेका छैनौं।" समग्रमा, जोर्डनले सिरियाबाट लगभग छ लाख ७५ हजार दर्ता भएका शरणार्थीहरूलाई आश्रय दिन्छ, र तिनीहरूमध्ये अधिकांश स्थानीय समुदायहरूको बीचमा जोर्डनको शहर र गाउँहरूमा बस्छन्। केवल १७ प्रतिशत मात्र दुई मुख्य शरणार्थी शिविरहरु, जातारी र अजराकमा बस्छन्।

पाँच वर्षअघि म्यानमारमा हजारौं रोहिङ्ग्याहरु आफ्नो घर छोडेर भागेका थिए । छिमेकी देश बङ्गलादेशको सीमापारी रहेको विशाल कक्स बजार शिविरमा करिब १० लाख शरणार्थी बस्छन्। यसै बर्षको मार्चमा, संयुक्त राष्ट्रसंघले शरणार्थीलाई घर फर्काउने आफ्नो नवीनतम योजना सुरू गरेको थियो । शरणार्थी र छिमेकी समुदायहरु (पाँच लाखभन्दा बढी बङ्गलादेशीहरु) को लागि ८८ करोड १० लाख अमेरिकी डलर भन्दा बढीको लागि आह्वान गरेको थियो । यो सहायतामा अत्यधिक निर्भर छन् । संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायको तथ्याङ्कअनुसार डिसेम्बरसम्ममा युरोपभरि ७८ लाखभन्दा बढी युक्रेनी शरणार्थी रहेका छन् ।

सन् २०२० को नोभेम्बरमा सुरू भएको इथियोपियाको टिग्रे क्षेत्रमा सशस्त्र द्वन्द्वका कारण लाखौं मानिस विस्थापित भएका छन् । यस वर्षको अन्त्यसम्ममा, अन्तर्राष्ट्रिय मध्यस्थतामा एक नाजुक युद्धविराम कायम भएको जस्तो देखिन्थ्यो र महिनौंसम्म दुर्गम उत्तरी क्षेत्रहरूमा सहायता फिर्ता भइरहेको थियो । साथै धेरै जना आफ्नो बिग्रिएको जीवनको पुनर्निर्माण गर्न घर फर्केका थिए।

### शिविरमा पनि सुरक्षित छैनन् शरणार्थी

गत जनवरीमा संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायले यस क्षेत्रका शरणार्थीहरूले पर्याप्त खाद्यान्न, औषधि र स्वच्छ पानी पाउन सङ्घर्ष गरिरहेको र स्थितिमा सुधार नआए मृत्युको जोखिम रहेको चेतावनी दिएको थियो। राष्ट्रसंघद्वारा सम्प्रेषितसमाचार अनुसार शरणार्थीहरु पनि प्रत्यक्ष आक्रमणमा परेका छन् । उदाहरणका लागि, फेब्रुअरीमा सशस्त्र मानिसहरूले आक्रमण गरेपछि हजारौं इरिट्रियालीहरु अफार क्षेत्रको एउटा शिविरबाट भाग्न बाध्य भएका थिए । उनीहरूले शरणार्थी शिविरबाट सामानहरु चोरेका र त्यहाँका बासिन्दाहरूको हत्या गरेका समेत बताइएको छ। अगष्टसम्ममा संयुक्त राष्ट्रसंघीय निकायहरूले इथियोपियामा शरण लिन चाहने सात लाख ५० हजारभन्दा बढी मानिसहरूलाई सहयोग गर्न तत्काल आर्थिक सहयोगका लागि अपिल गरेका थिए । विश्व खाद्य कार्यक्रमले उक्त रकम प्राप्त नगरेसम्म धेरै शरणार्थीले खानका लागि केही नपाउने चेतावनी दिएको छ ।

यूएनएचसीआरका अनुसार युद्ध, हिंसा र मानव अधिकार उल्लंघनका कारण विस्थापित भएकाहरूलाई बाँच्ने आधार प्रदान गर्न विश्वभरका सरकारहरूले अत्यधिक रकम (करिब १.१३ अर्ब अमेरिकी डलर) उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् । ग्रान्डीले भन्नुभयो, "द्वन्द्व, जलवायु आपतकालीन अवस्था र अन्य संकटका कारण विश्वभरका विस्थापित मानिसहरूले अभूतपूर्व आवश्यकताको सामना गरिरहेका छन् । "सौभाग्यवश, यूएनएचसीआरका उदार दाताहरूले यी सङ्कटपूर्ण दिनहरुमा उनीहरूलाई सहयोग जारी राखेका छन्, जसले उनीहरूको सहज भविष्यको आशा जगाएको छ," उहाँले भन्नुभयो ।

# अर्थतन्त्र नियन्त्रण बाहिर छैन, उच्च मनोबलका साथ काम गर्नुस् : अर्थमन्त्री

रासस/काठमाडौं

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्र नियन्त्रणभन्दा बाहिर गएको अवस्था नभएकाले सही मार्गमा ल्याउन विभिन्न प्रयास र प्रयत्न थाल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधिमण्डलसँग भएको मंगलबारको भेटमा उहाँले मुलुकको अर्थतन्त्रको महत्वपूर्ण खम्बाका रूपमा रहेको निजी क्षेत्रले भोगेको समस्याप्रति सरकार संवदेनशील रहेको बताउनुभयो ।

निजी क्षेत्रका मागप्रति सरकार कति गम्भीर छ भन्ने कुरालाई निजी क्षेत्रको छाता सङ्गठनसँगको भेटलाई दिएको प्राथमिकताले पनि स्पष्ट पार्ने उहाँले बताउनुभयो । "वर्तमान सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले अर्थतन्त्रलाई सुधार गर्न विभिन्न उपाय अपनाउने निर्णय गरेको छ", उहाँले भन्नुभयो, "यो समस्या सम्बोधन गर्न सबैको साझा प्रयास हुनुपर्छ ।"

उहाँले निजी क्षेत्रलाई उच्च मनोबल बनाएर काम गर्न आग्रह गर्दै सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । "निजी क्षेत्रको मनोबल ढल्यो भने अर्थतन्त्र पनि ढल्छ, तपाईंहरूको मनोबललाई उच्च बनाएर काम गर्नुहोस्", मन्त्री पौडेलले भन्नुभयो, "म तपाईंहरूको प्रतिनिधिका रूपमा समस्या समाधानका लागि काम गर्ने छु ।"

भेटमा महासंघका अध्यक्ष शेखर गोल्छाले मुलुकको अर्थतन्त्र अति संवेदनशील अवस्थामा रहेकाले नवगठित सरकारको सिङ्गो ध्यान अर्थतन्त्रको पुनरूत्थानमा जानुपर्ने बताउनुभयो । अर्थतन्त्रलाई चलायमान गर्न तत्काल विशेष कदम चाल्न सुझाव दिँदै उहाँले ब्याजदरलाई घटाएर स्थायित्व दिनुपर्ने, तरलताको समस्या समाधान गर्नुपर्ने, लगानी घट्दै गएको अवस्थामा सुधार ल्याउन आग्रह गर्नुभयो । अर्थतन्त्रलाई सही मार्गमा ल्याउन राज्यका विभिन्न निकायको ध्यानाकर्षण गराएको भए पनि सुनुवाइ नभएको उहाँको भनाइ छ ।

मुलुकको अर्थतन्त्र अहिलेसम्मकै अप्ठ्यारो अवस्थामा पुगेको जिकिर गर्दै उहाँले तत्काल अर्थतन्त्र सुधारको दिशामा ध्यान



केन्द्रित गर्न आग्रह गर्नुभयो । "तपाईं आएपछि दुई दिनमै पूँजी बजारले सकारात्मक सङ्केत गरेको छ । समग्रमा अर्थतन्त्र अप्ठ्यारोमा छ, निजी क्षेत्र समस्यमा छ, चालू खर्च राजस्वले मात्रै धान्न सक्ने अवस्थामा छैन", अध्यक्ष गोल्छाले भन्नुभयो ।

अर्थतन्त्रमा बहुआयामिक असर परेको, मौद्रिक नीतिको समीक्षामार्फत् पनि समस्या सम्बोधन हुन नसकेको र विशेषगरी समग्र बैंकिङ समस्याका कारण उद्योगी व्यवसायी अत्यन्त कठिन अवस्थामा पुगेकाले बाध्य भएर सडकमा आउने परिस्थिति बनेकाले त्यसको अन्त्य गर्न आग्रह गर्नुभयो ।

भेटमा निजी क्षेत्रका प्रतिनिधिले सिमेन्ट, छड र फलामको बिक्री ह्वात्तै घटेको, दैनिक उपभोग्य वस्तुको खपत पनि घटेको, विद्युतीय उपकरणको बिक्रीमा संकुचनका साथै पूँजीबजारमा समग्रमा ३८ प्रतिशतले गिरावट आएको बताएका थिए ।

"अमूल्य भाषा संस्कृतिको संरक्षण गरौं, भाषा, संस्कृतिको जगेर्ना गर्दै पर्यटनको विकास गरौं"
परम्परागत कला, संस्कृति, औद्योगिक व्यापार, कृषि, घरेलु हस्तकला, प्रवर्द्धनको लागि
पाँचौं आदिवासी जनजाति
तनहुँ सांस्कृतिक एवं पर्यटन महोत्सव-२०७९
स्थान: वि.पि. वनबाटिका खेल मैदान, व्यास-३, दमौली, तनहुँ
मिति: २०७९ पौष २२ गते शुक्रबार देखि माघ ३ गते मंगलबार सम्म
महोत्सवका मूख्य आकर्षणहरू:
★ आदिवासी जनजातिका विषेश प्रस्तुतिहरू ।
★ सांस्कृतिक प्रदर्शनी ।
★ राष्ट्रिय तथा स्थानिय कलाकारहरूको प्रस्तुति ।
★ कौराह तथा लोकदोहोरी प्रतियोगिता ।
★ रमाईलो मेला ।
★ राउटे समुदायको प्रदर्शनी ।
★ सांस्कृतिक नमूना ग्राम (HOME STAY) भ्रमण ।
★ धार्मिक एवं ऐतिहासिक स्थलको प्रवर्द्धन ।
★ शैक्षिक मेला तथा विज्ञान प्रदर्शनी ।
★ विद्यालय स्तरीय नृत्य प्रतियोगिता ।
★ कृषि प्रदर्शनी ।
★ हस्तकला प्रदर्शनी ।
★ आदिवासी जनजाति खानाका परिकारहरू ।
★ जलविहार ।
सह-आयोजक
नेपाल मगर संघ तनहुँ, तमु ह्यूल छोँजधि तनहुँ, नेवा:खल तनहुँ, दरै समाज तनहुँ, भुजेल समाज तनहुँ, तामाङ घेदुङ तनहुँ, कुमाल समाज तनहुँ, दुरा समाज तनहुँ, बोटे समाज तनहुँ, चेपाङ समाज तनहुँ, राई समाज तनहुँ, मार्फा थकाली समाज सेवा सदन तनहुँ
आयोजक
नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद, तनहुँ

स्वास्थ्य परीक्षण सम्बन्धी सूचना
पुस १६ गते शनिबार
पोखरा मेट्रोसिटी हस्पिटलका वरिष्ठ नाक, कान, घाटीरोग विशेषज्ञ डा. निरज के.सी.द्वारा रूघाखोकी लाग्ने, टन्सिल हुने, कान पाक्ने, कानको जाली प्वाल पर्ने, कानमा फोहोर जम्ने आदीको उपचार गरिन्छ
हाम्रा उपलब्ध सेवाहरू :
१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स-रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

### सटर खाली गर्ने सम्बन्धी सूचना

यस नगरपालिकाको स्वामित्वमा रेहको सफासडक मोहोडामा पर्ने मुल गेटदेखि उत्तरतर्फको भवनमा रहेका पसल कवलहरूको सटर खाली गरी नयाँ बहुउद्देश्यीय भवन निर्माण गर्ने व्यास नगरपालिका, नगर कार्यपालिकाको निर्णय अनुसार यही मिति २०७९ फागुन मसान्त भित्र कोटा/सटर खाली गर्न सफासडक मोहोडा भएका सटर नं. डि-१, डि-२, ई-२, ई-३, ई-४, ई-५, ई-६, ई-७, ई-९, ई-१०, ई-११, ई-१२, यु-३ र सिद्धार्थ बैंकको एटिएम समेतको व्यवसायिहरूले नियम बमोजिम भुक्तान गर्नुपर्ने सम्पूर्ण रकम भुक्तानी गरी सटर खाली गरिदिन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । साथै नयाँ भन्ने भवनमा हाल बसिरहेको मध्ये सम्झौता नसकिएको हकमा आपसी सहमतीमा नियमानुसार भाडामा बस्न चाहेमा प्राथमिकता दिइनेछ । सहमतीका लागि सम्बन्धित सबैसंग अनुरोध छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
E-mail : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०७९ पुस १३, बुधबार
December 28, 2022



**होमस्टेमा आन्तरिक पर्यटक** : तनहुँको बन्दिपुर गाउँपालिका-३ स्थित रामकोट सामुदायिक होमस्टेमा पुगेका आन्तरिक पर्यटक । मगर समुदायको बसोवास रहेको रामकोटलाई ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न तथा बन्दिपुर पुगेको पर्यटकलाई रामकोटसम्म पुऱ्याउन गाउँपालिकाले आवश्यक पूर्वाधारहरू निर्माण गर्दै लगेको छ । *तस्विर : भञ्ज्याङ*

# सडकले बिर्सायो वर्षौंको दुःख

**डम्मर बुढा मगर**/ढोरपाटन

निसीखोला गाउँपालिका-६ रोबाङ गाउँका ८० वर्षीय कुमार बुढामगरको मुहारमा आजभोलि छुट्टै खुसी देखिन्छ। आठ दशकको जीवन यात्रामा अनेकौँ दुःख सङ्घर्ष गर्नुभएका उहाँलाई अहिले एउटै कुराले ठूलो खुसी दिएको छ । यसरी खुसी हुनाका कारण हो, गाउँमै दैनिक मोटर गुड्नु । कुमारको घर छेउमा भने अझै मोटरबाटो पुग्न सकेको छैन, मोटरबाटो पुगेको ठाउँदेखि घरमा पुग्न झन्डै आधा घण्टा लागेपनि गाउँलाई सडकले छुँदा खुसी उहाँ हुनुभएको हो ।

रोबाङ गाउँ जिल्लाकै दुर्गम गाउँ हो । एकदशक अगाडि मध्यपहाडी लोकमार्ग यस ठाउँमा पुगे पनि यस गाउँलाई मोटरबाटोले जोडेको दुई वर्ष मात्रै भयो । कुमारले गाउँ नजिकै सडक नआउँदासम्म निकै दुःख भोग्नु परेको सुनाउँदै अब दुःखका दिनहरू बिस्तारै हट्दै जाने बताउनुभयो । गाउँ-गाउँमा सडक सञ्जाल नपुग्दा घण्टौँको यात्रा गरेर दैनिक उपभोग्य सामान ल्याएको अनुभव सुनाउँदै २० वर्ष अगाडि सम्म बुटवल, सुनवललगायत सहरबाट नुन बोकेर उपभोग गर्ने गरेको उहाँको भनाइ थियो ।

"आजभन्दा १५/२० वर्ष अगाडि अहिलेको जस्तो ससुविधा थिएन, खसौली, बटौली र सुनौली पुगेर नुन बोक्दै जीवन निर्वाह गरेका थियौँ, अहिले त गाउँ-गाउँमा दोकान छन्, जे चाहिए पनि तुरून्तै किन्न पाइन्छ," कुमारले भन्नुभयो, "उतिबेला नुन र चामल ल्याउन १५/२० दिन लाग्थ्यो, जुत्ता चप्पल भन्ने चीज त हाम्रो पालामा पाइँदैनथ्यो ।"

बिस्तारै मुलुकमा विकास हुँदै गएपछि गाउँभन्दा केही तलसम्म सडक आएकाले त्यो सुविधा अहिले गाउँमै लिन सकिने उहाँले बताउनुभयो। सुनवल, बुटवल, तानसेन, भुवाचिदी, खर्बाङ, भीमगिठे हुँदै बुर्तिबाङबाट लामो समयसम्म आवश्यक सामान घोडा वा खच्चडमा ढुवानी गरेर गाउँसम्म ल्याइएकामा अहिले गाउँ घरमै सबै सामान पाइने कुमारले बताउनुभयो । "गाउँमा नुन र चामल हुँदैनथ्यो, सबै बजारबाट किनेर ल्याउनुपर्थ्यो, बजार नजिक थिएन, १०/१२ दिन लगाएर खसौली, बटौली जानुपर्थ्यो, त्यसपछि माथि-माथि मोटरबाटो आउन थाल्यो, पछि खर्बाङ, भीमगिठे र बुर्तिबाङबाट पनि गाडी आउन थाले त्यसपछि हाम्लाई पनि सहज हुन थाल्यो," उहाँले भन्नुभयो, "अहिले गाउँ-गाउँमा मोटर पुगे, मोटर पुगेपछि सबैथोक गाउँमा आउन थाले।"

स्थानीयवासी हेमबहादुर घर्तीमगरले पनि आफ्नो जीवनमा गाउँमा मोटर गाडी गुड्लान् भन्ने कल्पना नगरेको भन्दै अहिले गाउँमा गाडी गुड्दा खुसी लागेको बताउनुभयो । गाउँमा मोटरबाटो पुगेपछि उहाँजस्ता सयौँ बुढापाका र स्थानीयवासीमा खुसी छाएको छ । सडकले उनीहरूले भोगेको पुराना दुःख भुलाएको छ ।

जीवनको करिब ५०औँ वर्षभन्दा बढी टाढाबाट दैनिक उपभोग्य सामान ल्याएर दैनिक जीवन धान्नु भएका हेमबहादुरले अहिले घर नजिकैबाट आवश्यक सामान किन्न पाउँदा दङ्ग हुनुहुन्थ्यो । मुस्ताङको थाकखोलाबाट नुन बोकी ल्याएर उपभोग गर्नुभएका उहाँले अहिले नुन मात्रै होइन दैनिक चाहिने सामान घेरै नजिक पाउन सक्नुहुन्छ ।

"यस्ता दिन पनि आउँदा रैछन्, कुनै बेला नुनकै लागि १५/२० हिँडेर मुस्ताङ, पुग्नुपर्थ्यो, अहिले ननु, सुन जे भने पनि गाउँमै पाइन्छ, गाउँमा विकास होला, यस्तो सुविधा यहीँ पाइएला भन्ने त हामीले सपनामा पनि सोचेका पनि थिएनौँ," हेमबहादुरले भन्नुभयो, "तर अहिले हामीले नसोचेको विकास भयो, हामी पछिका पुस्ताले धेरै दुःख भोग्न पाएनन्।"

गाडी ठूला-ठूला सहरमा पुगेपछि मात्रै देख्न पाइएकामा अहिले गाउँका हरेक बस्तीमा गाडी पुगेका छन् भन्नुभयो । सडक सञ्जालले गाउँ नजोडिँदा पिठ्यूँमा नुन, चामल बोकेर उपभोग गर्ने गरेको स्मरण गर्दै अब त्यस्ता दिनहरू कहिल्यै नआउने बताउँदै उहाँले गाउँमा कोही बिरामी हुँदा डोकोमा बोकेर अस्पतालसम्म पुऱ्याउने गर्दै आइएकामा अहिले सडक सुविधाले गर्दा गाडीमार्फत बिरामीलाई अस्पताल लैजान सकिने भएको छ भन्नुभयो ।

रोबाङ गाउँमा जाने सडक मध्यपहाडी लोकमार्गबाट जोडिएको छ । बुर्तिबाङ-कुरूकपूर्व सडक खण्डकको लुब्लीबाट यो सडक गाउँमा पुगेको छ । उक्त सडकलाई यस गाउँको 'लाइफ लाइन' का रूपमा लिइन्छ । स्थानीय भाजवीर घर्ती मगरले जिल्ला सदरमुकाम बागलुङ बजार आउजाउ गर्न दुई साता लागेको सुनाउँदै तत्कालीन समयमा पश्चिम बागलुङका जनताले निकै दुःख पाएको सुनाउनभयो । उहाँले आफ्नो आधा जीवन मोटर गाडी नदेखेरै बितेको भन्दै अहिलेकाले पहिलेको जस्तो अन्धकारमय जीवन बिताउनु नपर्ने बताउनुभयो ।

"कागजपत्रको काम गर्न बागलुङ जानुपर्थ्यो, उति बेला गाडीको बाटो आएकै थिएन, हिड्दै जानु पर्थ्यो, यहाँबाट हिँडेर बागलुङ पुग्दा सात दिन र फर्किंदा सात दिन लाग्थ्यो। बाटोमा चोर लाग्ने भएकाले निकै डर पनि हुन्थ्यो, आमाइमाई र केटाकेटीलाई झन् धेरै समस्या हुन्थ्यो", भजवीरले भन्नुभयो "अहिले त बिहान सरररर गाडीमा गइन्छ उस्तैपरे साझँ आँटो खान घरै आइन्छ, यस्तो सुविस्ता होला भन्ने त कस्ले सोचेको होला र ?"

निसीखोला गाउँपालिका-६ का वडाध्यक्ष हेमबहादुर बुढामगर (सूर्यमान)ले आफूहरु निर्वाचित भएर आएपछि वडामा धेरै सडक निर्माण गरेको र अझै केही बस्तीमा सडक पुऱ्याउन बाँकी रहेको बताउनुभयो । उहाँले आफू कार्यपालिका सदस्य भएका बेलादेखि नै यहाँका गाउँहरूमा सडक सञ्जाल पुऱ्याउने र स्तरोन्नतिको काम गरेको भन्दै सडकले वडावासीको मुहार फेरेको बताउनुभयो ।

"भौगोलिक विकटताका कारण हाम्रो वडाको धेरै गाउँ तथा बस्तीमा सडक पुग्न सकेको छैन, हामी आइसकेपछि धेरै ठाउँलाई सडक सञ्जालले जोडेका छौँ, अझै केही गाउँहरूमा पुगेको छैन, त्यसका लागि पनि निरन्तर लागिरहेका छौँ, भौगोलिक विकटता र धेरै बजेट लाग्ने हुँदा पुग्न नसकिएको हो," वडाध्यक्ष बुढामगरले भन्नुभयो, "ठाउँ अप्ठ्यारो छ, बजेट सीमित हुन्छ, त्यसले गर्दा काम गर्न गाह्रो भएको हो, हेरौँ अर्को वर्षसम्म पुग्छ कि, अर्को वर्ष नभए हाम्रो कार्यकालभित्र पुऱ्याइसक्छौँ ।" रासस


## जाडोबाट बच्न निम्न उपायहरू अबलम्बन गरौ

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौँ,
- न्यानो कपडा लगाऔँ,
- घाम वा आगो तापौँ,
- तेल मालिस गरौँ,
- शारिरिक व्यायाम गरौँ,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौँ,
- ताजा र पौष्टिक खानेकुरा खाऔँ,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौँ,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


facebook twitter

**जीवन दर्शन**



twitter.com/KcJivan1

हामीले अपेक्षा गरेका सबै पक्षहरूमा सोचेजस्तै उपलब्धीहरु हासिल भए भनेपनि त्यतिले मात्रै दशकपछिको नेपालको अनुहारलाई भविष्यको कुरा छोडौं, वर्तमान विश्वकै औसत कोटीका विकसित मुलुकहरूको हाराहारीमा पनि उभ्याउन सक्ने छैन संसार जुन गतिमा अगाडि बढिरहेको छ, त्यस तुलनामा हामी धेरै सुस्त छौं ।

**सविन के.सी**



twitter.com/kcsabin2014

खोजेर कहाँ पाईन्छ र उहीँ पुरानो मन अनि भावना! परिस्थिती बदलियो अनि मन पनि । मुख्य कुरा तिमी बदलियौ ! सायद चाहना पनि बदलिए होलान् । क्षणिक बदलाबले चाहत पूरा हुन्थ्यो त मानिसहरू दैनिक रूप फेरिरहेका हुन्थे होलान् । खैरः भाव भंगुर बाहिरको चाहत र बदलाब हठात मनको कुनै पक्ष हुन सक्छ ।

**उषा कार्की**



twitter.com/Ushakar45440973

सबैभन्दा ठूलो कुरा जन्म रहेछ, कस्तो कोख, कस्ता जन्मदाता, कुन भुगोल, कुन संस्कार भन्ने महत्वपुर्ण रहेछ । जन्म पछि मृत्यु त सामान्य प्रकृति रहेछ । जसले जीवन बुझ्छ उसलाई हरेक कुरा सामान्य लाग्छ

# वायु प्रदूषणको मुख्य कारण गाडीले फ्याक्ने धुवाँ

**रासस**/काठमाडौं

वन तथा वातावरण विभागले काठमाडौँ उपत्यकामा वायु प्रदूषणको मुख्य कारण गाडीले फ्याक्ने धुवाँ रहेको जनाएको छ। विभागले धुवाँ नियन्त्रणका लागि उपत्यकामा गाडीहरूको प्रदूषण जाँचलाई कडाइ गरेको र त्यसपछि देशका अन्य मुख्य सहरमा पनि सवारी प्रदूषण जाँचको तयारीमा रहेको जनाएको छ ।

प्रदूषण जाँचमा पास हुन नसक्ने गाडीलाई रू एक लाखसम्म जरिवाना गर्ने विभागले चेतावनी दिएको छ । कैफियत भेटिएमा वातावरण संरक्षण ऐन-२०७६ को दफा ४१को उपदफा-२ अनुसार जरिवाना हुने बताइएको छ। यही पुस १ गतेदेखि सुरू भएको प्रदूषण जाँच अभियानमा काठमाडौँ उपत्यकामा चल्ने कम्तीमा पनि २८ भन्दा बढी गाडीलाई कारबाहीसहित जरिवाना गरिएको विभागले जनाएको छ ।

गाडीहरूले फ्याँक्ने धुवाँको अवस्थाबारे प्रदूषण जाँच गर्ने 'स्मोक डेन्सिटीमिटर' मार्फत छड्के जाँच सुरू गर्ने गरिएको विभागका प्रवक्ता शङ्करप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदूषण जाँचमा फेल भएका गाडीधनीलाई रू पाँच हजार जरिवाना तिराइएको र तीन दिनभित्र मर्मत गराएर पुनः परीक्षणका लागि विभागमा आउन भनिएको छ ।

उक्त जाँचमा काठमाडौँ उपत्यकामा चल्ने गाडीहरूले फ्याँक्ने धुवाँको अवस्था खराब देखिएको बताइएको छ। "भाडामा चल्ने धेरै गाडी प्रदूषण जाँचमा फेल भएका छन्", वातावरण विभागका प्रवक्ता पौडेलले भन्नुभयो, "विभागले विशेषगरी डिजलबाट चल्ने जिप, भ्यान, बसलगायतको परीक्षण गर्दै आएको छ, गाडी प्रदूषण पास नभएसम्म पटक-पटक जाँच गर्न लगाउनेछौँ ।"

यसैगरी विभागले टोली बनाएर उपत्यकाका विभिन्न ठाउँमा गाडीहरूले फ्याँक्ने धुवाँको अवस्था बुझ्न छड्के जाँच पनि गरिरहेको छ । टोलीले प्रदूषण जाँच गर्ने 'स्मोक डेन्सिटीमिटर' मार्फत गाडीले फ्याँक्ने धुवाँको परीक्षण गर्दै आएको हो । छड्के जाँचमा प्रदूषण जाँचपासका रूपमा हरियो वा अन्य स्टिकरको अवधि बाँकी रहेको अवस्थामा पनि प्रदूषण जाँचमा अनुत्तीर्ण हुने गाडीलाई जरिवाना गरिने जनाइएको छ ।

# किसानका सूचना अब 'कृषि फर्म' एप्समा

**रासस**/बलेवा

किसानमा आवश्यक सूचनाको सहज पहुँच उपलब्ध गराउन काठेखोला गाउँपालिकाले 'कृषि फर्म' सञ्चालनमा ल्याएको छ । गाउँपालिकाले तयार गरेको 'कृषि फर्म' एप मोबाइलमा डाउनलोड गरेपछि अब काठेखोलाका किसान आफ्नै लागि आवश्यक सूचना र सन्देशबाट वञ्चित हुने छैनन् । मोबाइल एप निर्माण, व्यवस्थापन र सञ्चालनको विधि तथा आर्थिक सहयोग विवाइसी बागलुङको व्यवस्थापनमा सञ्चालित हेफर इन्टरनेसनल परियोजनाले गरेको हो। उक्त सेवा निःशुल्क हुने हेफरइन्टरनेसनलका कार्यक्रम संयोजक तारा पन्थीले बताउनुभयो। परियोजनाले किसानमा कृषि सूचनाको पहुँच पुऱ्याउने उद्देश्यले मोबाइल एप सहयोग गरेको हो ।

परियोजनाले गाउँपालिकाको पशु तथा कृषि शाखामा रहने 'किस्का मेसिन' हस्तान्तरण गरेको छ । उक्त मेसिनमा कृषि फर्म मोबाइल एप जडान गरिएको छ । किसानले एपमार्फत् कृषि विज्ञ तथा गाउँपालिकाको विषयगत शाखासँग समन्वय गरी सूचना प्राप्त गर्न सक्छन्। एपबाट खेतीपाती गर्ने तरिका, रोग तथा किराबारे जानकारी पाउन तथा मौसम अनुसारको खेतीपाती गर्नु सहज बनाउने हेफर इन्टरनेसनलका कार्यक्रम संयोजक तारा पन्थीको भनाइ छ ।

उक्त सेवाबाट किसानहरूले घरमै बसेर मौसम र कृषिसम्बन्धी जानकारी पाउनेछन् भने किसान कृषि उत्पादनको सूचनासँग सहजै जोडिन सक्नेछन् । बाली लगाउने सही समय, मल व्यवस्थापन, सिँचाइ बाली बिरूवाको शत्रु तथा तिनको रोकथाम जस्ता जानकारी एपमार्फत् लिन सकिनेछ । गाउँपालिकाले सञ्चालन गरेको एपमा काठेखोलाका चार सय ६९ जना कृषक जोडिएका छन् । कृषकहरुको व्यक्तिगत तथा खेतीबालीको विवरण एप्समा समावेश गरिएको विवाइसी बागलुङका अध्यक्ष मणिभद्र शर्माले बताउनुभयो ।

किसानले आफ्नो मोबाइल एपमार्फत् विज्ञ केन्द्र वा स्थानीय तहको पालिका केन्द्रमा घरबाटै आफ्नो अन्नबालीमा लागेका रोग, किरा तथा पशुमा लागेको रोगबारे जानकारी दिएर आवश्यक विज्ञ सुझाव सल्लाह प्राप्त गर्नेछन् । प्राविधिकहरूले कुन क्षेत्रमा कस्ता बाली लगाउने, कति मल छर्ने, कस्तो बालीमा कस्तो खालको रोग किरा लाग्छ र कसरी रोकथाम गर्ने लगायतका सन्देश कृषकको मोबाइलमा एपमार्फत पुग्नेछ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४